# वेलका नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय रामपुर, उदयपुर,

प्रदेश नं. १ नेपाल

## शिलबन्दी दरभाउ-पत्र आव्हन सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७५/०९/२४)**

यस कार्यालयको लागि आवश्यक पर्ने विभिन्न साईजका ह्यूमपाईप र जाली बुन्ने तार आपूर्ति गर्नुपर्ने भएकाले सो सम्बन्धी कारोबार गर्न इच्छुक फर्म, संस्था वा कम्पनीहरुबाट मु.अ.कर दर्ता प्रमाण पत्र र स्थायी लेखा पान नं. भएका फर्म, संस्था वा कम्पनीहरुले आ.व.२०७४/०७५ को कर चुक्ता प्रमाण-पत्र सहित निम्न शर्तहरुको अधिनमा रही तोकिएको समय भित्र रीतपूर्वकको शिलबन्दी दरभाउ-पत्र आव्हान गरिएको छ ।

१. शिलबन्दि दरभाउ पत्र प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र कार्यालय समयमा आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपीका साथ रु.१०००।- दस्तुर फिर्ता नहुने गरी बुझाई वेलका नगरपालिकाको कार्यालय वा वे.न.पा. वडा नं. ९ को वडा कार्यालयबाट दरभाउ-पत्र फाराम खरिद गर्न सकिनेछ ।

२. दरभाउ-पत्र कागजातहरु अध्ययन गरि उल्लेखित सबै विवरणहरु अनिवार्य रुपमा प्रष्टसंग भरि सम्बन्धित व्यवसायी वा तोकिएको आधिकारिक प्रतिनिधीले दरभाउ-पत्र सम्बन्धी कागजातको प्रत्येक पानामा दस्तखत र फर्मको छाप लगाई खाममा शिलबन्दी गरी खाम बाहिर स्पष्ट संग फर्मको नाम, ठेगाना र सम्पर्क नम्बर तथा कामको नाम समेत लेखि १६ औं दिनको अपरान्ह १२.०० बजे यस कार्यालय वा वडा नं. ९ को कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । यसरी दर्ता भएका शिलबन्दि दरभाउ पत्र फारम सोही दिनको २.०० बजे उपस्थित दरभाउ-पत्रदाता वा निजको आधिकारीक प्रतिनिधीको रोहबरमा खोलिनेछ । दरभाउ-पत्रदाता तथा निजको आधिकारीक प्रतिनिधीहरु अनुपस्थित रहेमा शिलबन्दि दरभाउ पत्र खोल्न कुनै बाधा पर्नेछैन ।

३. शिलबन्दि दरभाउ पत्र साथ आफुले कबोल गरेको अंकको तोकिएको प्रतिशतले हुने रकम दरभाउ-पत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको कुनै बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेका सकल बैंक जमानी पत्र (Bid Bond) वा यस कार्यालयको नाममा रहेको रा.वा. बैंक, शाखा कार्यालय, गाईघाट स्थित धरौटी खाता नं. **२०९०३०३००७१०५** ( धरौटी) मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।

४. कार्यालयबाट प्रमाणित शिलबन्दि दरभाउ पत्र पुस्तिकामा दरभाउ-पत्र निशर्त, केरमेट नभएको कुनै थप घट वा द्रष्टव्य नलेखिएको हुनु पर्नेछ ।रित नपुगेको, शिलबन्दि भई नआएको, समय भित्र प्राप्त नभएको, सूचनाको शर्त विपरित भएको शिलबन्दि दरभाउ पत्र मान्य हुने छैन ।शिलबन्दी दरभाउ पत्र भर्दा Bill Of Quantity को Item मा अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । केरमेट भई अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईने छ ।शिलबन्दि दरभाउ पत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा लगतै कार्यालय खुलेको दिन सोही समय भित्र खरिद तथा दाखिला गर्न सकिने छ ।

५. शिलबन्दी दरभाउ पत्रसाथ पेश गरेको प्रतिलिपी कागजातहरु आवश्यक परेमा सक्कलै माग गरि चेक गरिनेछ । नक्कली कागजात प्रस्तुत गरेको पाईएमा निज शिलबन्दी दरभाउ पत्रदाताको शिलबन्दि दरभाउ पत्र रद्द गरि सो फर्मलाई कालो सुचीमा राखी सोको लिखित जानकारी सम्बन्धित सबै निकायहरुमा दिईनेछ ।

६. आपूर्ति गर्नुपर्ने ह्यूमपाईप तथा कच्चा तारको परिमाण, साईज र गुणस्तर दरभाउपत्र फाराममा उल्लेख गरिए बमोजिम नगरपालिका परिसरमा उपलब्ध गराउनुपर्नेछ ।

७. यस सुचनामा उल्लेख नभएका विषयमा सार्वजनिक खरिद ऐन, २०६३ र सो सम्बन्धी नियमावली २०६४ र प्रचलित कानून बमोजिम तथा अरु थप बुंदाहरु शिलबन्दि दरभाउ पत्र पुस्तिकामा उल्लेख भए बमोजिम हुनेछ ।

८.शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ । साथै दरभाउपत्र सम्बन्धी अन्य थप कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

### शिलबन्दी दरभाउ-पत्र सम्बन्धी विवरण

| सि.नं | ठेक्का नं. | कामको विवरण | फारम दस्तुर | धरौटी रकम रु. |
|---|---|---|---|---|
| १ | ०७/२०७५/०७६ | विभिन्न साईजका ह्यूमपाईप खरिद कार्यक्रम | रु.१०००।- | रु.४२,७५०।- |
| २ | ०८/२०७५/०७६ | हेभी कोटेड तार खरिद कार्यक्रम | रु.१०००।- | रु.३४,०००।- |

पुष्कर भट्टराई
प्रमुख प्रशासकिय अधिकृत